# गाउँलेको हाल

*- ज्यो. रत्ननिधि रेग्मी “शुक्राचार्य” -*

आजभोलि राम्रो छैन गाउँलेको हाल
बाठा जति सहर पसे सोझाको भो काल ।

खेतीपाती छैन गाउँमा, डढेलो छ वनमा
लडाईंको आतंक छ मान्छेभित्र मनमा
यति मरे उति परे समाचार आउँछ
पापी स्याल सिनो सम्झी रातोदिन धाउँछ ।

उकालीमा वर छैन पिपलुको छायाँ
चौरालीमा छैन लाउने पिरति र माया
सुनगाभा फुल्न छाड्यो वनमा सुनखरी
बसन्तमा गीत छैन रुन्छे कोइली चरी ।

ठूला जति कोही छैनन् भारेभुरे बाँकी
आमा-बाबा रुदै बस्छन् देवी-देउता भाकी
धर्मजति हवाङै भयो उजाडिंदा स्यादो
खबर आउँछ ज्यादाजसो नरहेको ज्युँदो ।

कल्ले गाउँला रोदी-देउडा, असारेको गीत
कल्ले लाउला धाइ नधाइ चौतारीमा मीत
कल्ले नाच्ला बालुन वा खेल्ला द्यौसी-भैलो
अन्धकारै पसेजस्तो जस्केलो भो दैलो ।

शून्य भयो पाधेरीमा, शून्य मेलापात
शून्य भयो निधारमा टीका थाप्ने हात
आपसको झगडाले छैन कतै मेल
कैले सुक्ने होला हजुर यो रगतको भेल Û

*- महाकवि देवकोटा आश्रम (हाल: बेघर)*